# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, साउन ११ गते २०६१ साल (संख्या १५

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०६०।४।८ को निर्णयानुसार जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ को प्रयोजनको लागि पञ्जिकाधिकारी (रजिस्ट्रार) को काम गर्न यस मन्त्रालयका उपसचिव श्री लोकनाथ बाहाललाई तोकेको हुनाले यो सूचना प्रकाशित गरेको छ ।

खण्ड ४७ अतिरिक्ताङ्क ५७ (ख), मिति २०५४।१०।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
हरिप्रसाद रिमाल
श्री ५ को सरकारको निमित्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# जलस्रोत मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले नेपाल विद्युत् प्राधिकरणबाट काठमाडौं जिल्लाको मातातीर्थस्थित स्विचिङ स्टेसनदेखि सोही ठाउँ नजिक रहेको कुलेखानी दोस्रो १३२ के.भी. प्रसारण लाइनको टी प्वाइन्टसम्म १३२ के.भी. चार सर्किट प्रसारण लाईनको निर्माण तथा सञ्चालन गर्ने सम्बन्धमा विद्युत् ऐन, २०४९ को दफा ३३ को उपदफा (३) को प्रयोजनको लागि विद्युत् नियमावली, २०५० को नियम ६६ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी उक्त प्रसारण लाइनपुनि पर्ने तपसिलमा उल्लिखित जग्गाहरूमा प्रसारण लाइनको मध्यभागबाट दायाँबायाँ ९/९ (नौ/नौ) मिटरभित्र अरू कसैले कुनै प्रकारको निर्माण कार्य गर्न तथा रूख रोप्ने कार्य गर्न नपाउने गरी निषेध गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| जिल्ला | गाउँ विकास समिति | वडा नं. | कित्ता नं. |
|---|---|---|---|
| काठमाडौं | मातातीर्थ | १ ख | ३२५, ३२६, ४२, ४१, ४०, ३९, ३४, ३३, २०, ३३०, ३३१, ३२८, ३४२, ३२७, ९, २३ र ३२७ संग जोडिएको कित्ता नं. उल्लेख नभएको जग्गा । |

## सूचना २

श्री ५ को सरकारले नेपाल विद्युत् प्राधिकरणबाट काठमाडौं जिल्लाको मातातीर्थस्थित स्विचिङ स्टेसनदेखि सोही ठाउँ नजिक रहेको कुलेखानी दोस्रो १३२ के.भी. प्रसारण लाइनको टी प्वाइन्टसम्म निर्माण तथा सञ्चालन गरिने १३२ के.भी. चार सर्किट प्रसारण लाईनको रेखाङ्कन मुनी दायाँ बायाँ ९/९ (नौ/नौ) मिटरभित्र परेका घर र जग्गाहरूको क्षतिपूर्ति निर्धारण गर्न विद्युत् नियमावली, २०५० को नियम ८८ को उपनियम (१) अनुसार गठन हुने समितिमा खण्ड ५३, संख्या ७, मिति २०६०।२।१२ को नेपाल राजपत्र, भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित समितिले नै हेर्ने गरी तोकेको छ ।

आज्ञाले,
नारायणप्रसाद भट्टराई
श्री ५ को सरकारका निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५२